# चितवन, नवलपुर, नवलपरासी, रूपन्देही, कपिलवस्तु, गुल्मी, पाल्पा, अर्घाखाची र प्यूठान जिल्लाहरूमा जडान गरी सञ्चालनमा ल्याइएको ब्रोडब्याण्ड सेवा सम्बन्धमा अत्यन्त जरूरी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/०४)**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी देहायका जिल्लाहरुका सम्पूर्ण नगरपालिका, गाउँपालिका, वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्था/केन्द्र/अस्पतालहरुमा नेपाल दूरसञ्चार प्राधिकरणबाट ब्रोडब्याण्ड इन्टरनेट जडान गरी सञ्चालनमा ल्याइएको छ। प्राधिकरणबाट उक्त सेवा दुई वर्षसम्म निःशुल्क रुपमा न्यूनतम Speed (At least 1 Mbps Bandwidth) उपलब्ध गराइएको छ। यस सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित सेवा प्रदायकलाई तल उल्लिखित सम्पर्क नम्बरमा सम्पर्क गर्न हुन अनुरोध छ र सेवा प्रदायकबाट समयमा नै गुनासोको सम्बोधन नभएमा प्राधिकरणको देहायको नम्बर/email मा सूचना दिनुहुन अनुरोध छ।

| क्र. सं. | परियोजना सञ्चालन भएका जिल्लाहरु | परियोजना सञ्चालन गर्ने सेवा प्रदायक | परियोजना सञ्चालन गर्ने सेवा प्रदायकको सम्पर्क टेलिफोन नम्बर |
|---|---|---|---|
| १. | चितवन, नवलपुर, नवलपरासी, रुपन्देही र कपिलवस्तु | सुबिसु केबलनेट प्रा.लि. | ०१-४२३५८८८/९८०१२३५८८८<br>टोल फ्रि नं. १६६००१५९९९ |
| २. | गुल्मी, पाल्पा, अर्घाखाँची र प्युठान | टेकमाइण्ड्स् नेटवर्क प्रा.लि. | ०५६-५९७००२/०५६-५९६७१६/<br>०५६-५९६८१६ टोल फ्रि नं. १६६०५६५१२२२ |

उपरोक्त जिल्लाहरुको कुनै पनि नगरपालिका, गाउँपालिका, वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्था/केन्द्र/अस्पतालहरुमा ईन्टरनेट सेवा जडान हुन छुट भएको/जडान नभएको भए १५ दिन भित्र प्राधिकरणमा जानकारी गराउन हुन सम्बन्धित सबैमा अनुरोध छ। साथै उक्त जिल्लाहरुका सर्वसाधारणले व्यक्तिगत रुपमा ईन्टरनेट सेवा जडान गरी सेवा लिनु परेमा सम्बन्धित सेवा प्रदायकसँग सम्पर्क गरी यस प्राधिकरणबाट स्वीकृत दरमा ईन्टरनेट सेवा जडान गरी सेवा प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**जमल, काठमाडौं, नेपाल ।**
**जि. पि. ओ. बक्सः ९७५४**
**फोन नं.: +९७७-०१- ५३५५४७४**
***फ्याक्स नं.***: **+९७७-१-५३५५२५०**
**इमेलः info@nta.gov.np**
**वेवसाइटः www.nta.gov.np**